आज मिति २०८२ साल पौष ०४ गते शुक्रबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसिलको उपस्थितिमा वसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरीमाया बुलुन | कार्यपालिका सदस्य | गोरी-माया |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री समिर जोशी | सचिव (नि.प्र.प्र.अ) | |
| २० | नविन धिताल | लेखा प्रमुख (आमन्त्रित) | |

Scanned with CamScanner

## २०८२ पौष ४ गतेका गाउँकार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १** — मिति २०८२/०८/०४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यन्वयनको स्थिति सम्बन्धमा समिक्षा एवं छलफल गर्दा हाल सम्मको कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २** — खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा ३ राखिएको छ।
उपदफा (३) - खानी तथा खानीजन्य उद्योग दर्ताको लागि सम्बन्धित निकायमा गरिने सिफारिस, गाउँपालिकामा संचालन, दर्ता तथा नविकरण धरौटी लगायतका राजस्व दस्तुर सम्बन्धी व्यवस्था अनुसुची -४ बमोजिम हुनेछ ।

२. खानीजन्य पदार्थको उत्खनन्, निकासी तथा बिक्री सम्बन्धी कार्यविधि, २०८० को अनुसूची ४ को सट्टा देहायको अनुसूची ४ राखिएको छ।

अनुसूची-४

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

| सि.नं. | विवरण | खानीजन्य पदार्थ उद्योग |
|---|---|---|
| १. | अनुमति दर्ता दस्तुर | रु १,००,०००/- |
| २. | नविकरण दस्तुर | रु ५०,०००/- |
| ३. | प्रमाणपत्र प्रतिलिपि दस्तुर | रु. ५,०००/- |
| ४. | वातावरण शुल्क | प्रति घन मि रु ८/- |

**निर्णय नं. ३** — आ.व. २०८२\०८३ को लागि स्वीकृत कार्यक्रम अन्तर्गत देहाय बमोजिमका विषयगत क्षेत्रका कार्यक्रम कार्यन्वयन गर्न कार्यक्रम कार्यन्वयन निर्देशिका स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. शिक्षा विकास सम्बन्धी कार्यक्रम कार्यन्वयन निर्देशिका-२०८२

ख. कृषि विकास सम्बन्धी कार्यक्रम कार्यन्वयन निर्देशिका -२०८२

**निर्णय नं. ४** — गाउँपालिका र श्री सहारा ईञ्जिनियरिङ्ग कन्सल्टयान्सी विच प्रारम्भिक वातावरणीय परिक्षण को प्रतिवेदन छलफलको लागि पेश भयो । कम्पनीले पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो, साथै सम्झौतामा उल्लेखित रकम उक्त कम्पनीलाई भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner

## विविध विषयसंग सम्बन्धीत निर्णयहरु

१. गाउँपालिकामा रहेका नदिको ढुंगा, गिटि, बालुवा लगायत अन्य क्षेत्रहरुमा रहेको ढुंगा \ गिटि \ बालुवा खानीहरुबाट अवैध चोरी निकासी हुने गरेको गुनासो प्राप्त हुने गरेको र गाउँपालिकामा रहको प्रहरी चौकीबाट चोरीको सामाग्री पक्राउ हुने गरेको कारण नेपाल प्रहरीलाई प्रोत्साहन गरी चोरी निकासी नियन्त्रण गर्न चोरीबाट असुल हुने जरिवानाको २५% रकम त्यसरी नदिजन्य पदार्थ जफत गर्ने प्रहरी कर्मचारीलाई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

२. स्वास्थ्य संस्थाहरुमा विरामीहरुको सम्पुर्ण विवरण एकिकृत र व्यवस्थित बनाई अध्यावधिक गर्ने, विरामीको अभिलेख राख्ने र सो सम्बन्धी तथ्याङ्कलाई कागजविहिन (Paperless) बनाउने, गाउँपालिकामा चालु आ.व. मा विशेष अनुदानको रुपमा प्राप्त चेपाङ्ग तथा अति विपन्न समुदायका (मातृ तथा बालबालिका) लागि पोषण सुधार कार्यक्रम अन्तर्गत लक्षित वर्गको पोषणको अवस्था समेत अध्यावधीक गर्न सो कार्यक्रममा मिति २०८२/०८/०४ गतेको कार्यपालिकाको बैठकले उक्त कार्यक्रमको क्रियाकलाप स्वीकृत गरेकोमा Database Develop शीर्षक अन्तर्गत स्वीकृत रकमबाट खर्च लेख्ने गरी विद्युतीय स्वास्थ्य व्यावस्थापन प्रणाली (EHMIS) जडान तथा सञ्चालन गर्न परामर्श सेवा खरिदको लागि आवश्यक प्रकृया अगाडी बढाउन सर्वसम्मत निर्णय गरियो ।

३. गाउँपालिका समेतलाई कार्यक्षेत्र बनाई सांग्रीला डेभलपमेन्ट एसोसियन नामक गैरसरकारी संस्थाद्वारा गाउँपालिकासंगको लागत साझेदारीमा "फोहरमैला व्यवस्थापन नीति तर्जुमा तथा सचेतना" कार्यक्रम सञ्चालन गर्न गाउँपालिकालाई रु ४,००,०००।– उपलब्ध गराउने गरी बजेट व्यवस्था भएको जानकारी प्राप्त हुन आएकोले उक्त कार्यको लागि गाउँपालिकाले चालु आ.व. को स्वीकृत कार्यक्रम अन्तर्गत "सेवा र परामर्श" शीर्षकबाट खर्च लेख्ने गरी रु ४,००,०००।– साझेदारी गरी जम्मा रु ८,००,०००।– को कार्यक्रम स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै नीति तर्जुमा गर्न गाउँपालिकामा दक्ष र पर्याप्त जनशक्तिको अभाव रहेकोले परामर्श सेवा खरिद गरी कार्य अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४. चालु आ.व. को लागि तपसिल बमोजिमका कार्यक्रमहरुको लागि बजेट विनियोजन नभएको तर कार्यक्रम नगर्दा सेवा प्रवाहमा समस्या आउने भएकोले निम्नानुसारको कामको लागि चालु आ.व. को निम्नानुसारको शीर्षकबाट रकम व्यहोरी खर्च गर्ने गरी कार्यक्रम सञ्चालन गर्न सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क्र.सं. | खर्च गर्नुपर्ने कार्यक्रमको नाम | खर्च व्यहोर्ने शीर्षक नं. र शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री आधारभुत विद्यालय डाँडाखर्कमा विघुत वाईरिङ्ग तथा जडान | ४६५.२२.१.६५ - भैपरी आउने चालु खर्च | ४१,५६७।- | |
| २ | गाउँपालिकाको अल्ट्रासाउण्ड मेशिन मर्मत | सशर्तको आमा सुरक्षा कार्यक्रम शीर्षकबाट | २,००,०००।- | |

५. चालु आ.व. मा कार्यन्वयनमा ल्याउनुपर्ने तपसिल बमोजिमका आयोजनाहरुको लागत अनुमान विनियोजित रकम भन्दा बढी हुन गएको तथा कतिपय आयोजनाहरुलाई बहुबर्षीय रुपमा स्वीकृत गरी कार्यन्वयन नगर्दा आयोजनाको लागि बर्षैविच्छे अनावश्यक प्रशासनिक खर्च थपिन जाने, कानूनी प्रकृया पुरा गर्दा काममा थप ढिलाई हुने तथा आयोजना सम्पन्न गर्न समेत लामो समय पर्खनुपर्ने अवस्था श्रृजना हुने देखिएकोले चालु आ.व. र आगामी आर्थिक वर्षको बजेटद्वारा तपसिल बमोजिमका आयोजनाहरुको लागि तपसिल बमोजिमको श्रोत सुनिश्चितता गरी काम गर्न आवश्यक प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | चालु आ.व. मा विनियोजित रकम (रु हजारमा) | | | कार्यन्वयन गर्दा नपुग हुने रकम (श्रोत सुनिश्चितता गरिएको रकम) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | गाउँपालिका | | |
| १ | गाउँपालिका तालिम हल निर्माण | | | ३००० (सम्झौता रकम ४७०९.९९) | रु. १७०९.१९३ | |

६. कैलाश गाउँपालिकाको वडा नं १० भाल्टार स्थित वालुवा प्रशोधन तथा संचालनका लागि भाल्टार निर्माण तथा बालुवा प्रशोधन प्रा.लि ले उक्त क्षेत्रको प्ररम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन पूर्व स्वीकृतिका लागि पेश भएकोमा उक्त कार्यसूचि अध्ययन गरी स्वीकृतिका लागि गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नका लागि तपशिल बमोजिमका ५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री रामप्रसाद शर्मा (प्रमुख प्रशासकीय अधिकृत) संयोजक

२. श्री अनिल प्रसाद जोशी (इन्जिनियर) सदस्य

Scanned with CamScanner

३. श्री नरेन्द्र दत्त भट्ट (अ.स.इ) सदस्य

४. श्री विक्रम थिङ (अमिन) सदस्य

५. श्री विक्रम बहादुर थिङ (योजना शाखा प्रमुख) सदस्य सचिव

७. कारवाही सम्वन्धमा (परामर्श सेवा)

क. मुनलाइट इन्जिनियरिङ एण्ड रिसर्च कन्सल्टेन्सी प्रा. लि , विरेन्द्रनगर -१० सुर्खेत ले मिति २०७८/१२/१५ गते धुस्राङ कोथलीटार पक्किपुल र घट्टेचौर खोलाखेत दुवोखोला पक्कीपुलको विस्तृत सर्वे कार्यको डिपिआर प्रतिवेदन तयार गर्न कार्यालयबाट भुक्तानी लगेको तर हालसम्म खरिद सम्बन्धी कार्यको सारभूत मर्महरु पालना नगरेकोले नियमानुसार कारवाही प्रकृया अगाडी वढाउने सर्वसम्मत निर्णय गरियो ।

ख. आरम्भ इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., कुपण्डोल, ललितपुरले मिति २०७८/१२/१५ गते भाल्टार रातोडाँडा खोला पक्कीपुल र घुमाउने लिक्चे पक्किपुलको विस्तृत सर्वे कार्यको ड्पिआर प्रतिवेदन तयार गर्न कार्यालयबाट भुक्तानी लगेको तर हालसम्म खरिद सम्बन्धी कार्यको सारभूत मर्महरु पालना नगरेकोले नियमानुसार कारवाही प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

८. गाउँपालिकामा स्थापना भएको अस्पतालको नाम "वि.पि स्मृति कैलाश आधारभूत अस्पताल" राख्ने सर्वसर्वत निर्णय गरियो साथै अस्पताल सञ्चालन कार्यविधीमा सोको नामाकरण पनि यसै अनुसार कायम गरी राजपत्रमा प्रकाशित गर्ने सर्वसम्मत निर्णय गरियो । मिति २०८२/०८/२५ गते देखि अस्पताल रहेको वडाको स्वास्थ्य संस्थालाई अस्पतालमा समाहित गरी सेवा प्रदान गर्दै आईएकोमा उक्त अस्पताललाई थप सुदृढ गर्न तपसिल बमोजिम गर्ने सर्बसम्मत निर्णय गरियो ।

- चालु आ.व. को कर्मचारी तलव भत्ता शीर्षकबाट खर्च व्यहोर्ने गरी "करार सेवामा (श्रेणीविहिन कर्मचारी, प्राविधीक कर्मचारी र विद्यालय शिक्षक भर्ना) सम्वन्धी कार्यविधी, २०७७" को अधिनमा रही मेडिकल अधिकृत (न्यूनतम एम.वि.वि.एस. उत्तीर्ण, आठौ तह वा सो सरहको पदमा) र स्टाफ नर्स (पाँचौ तह सरहको) भर्ना गर्न विज्ञापन प्रकाशन गर्ने ।
- वि.पि. स्मृति कैलाश आधारभुत अस्पताल सहित वडा नं. १,२,४,७ र ८ वडाका स्वास्थ्य संस्थाहरुमा संक्रमणजन्य फोहरको व्यवस्थापन गर्न प्राविधीक लागत अनुमान अनुसार प्रति संस्था बढीमा रु ५५००० का दरले जम्मा रु ३,३०,०००।— भैपरी आउने पुंजीगत खर्च शीर्षकबाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. गाउँपालिका र वाइन टु वाटर नेपालसँग साझेदारीमा मिति २०८२ मंसिर ३ गते भएको सम्झौता अनुसार कार्य अगाडी बढेकोमा वडा नं ८ मा सञ्चालन भईरहेको वाक्सिराङ माथिल्लो टोल खानेपानी तथा सरसफाई योजनामा भार्ता टोलको २२ घरधुरी छुट्न गएको र अन्यत्र कार्य अगाडी बढीसकेकोले

सो सम्झौतामा समेट्न नसकिने भएको कारण भार्ता खानेपानी तथा सरसफाई योजना अन्तर्गत भार्ता टोलका २२ घरधुरीलाई आगामी आर्थिक वर्षमा प्राथमिकताका साथ बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

१०. तपसिल बमोजिमको योजनाहरुको नामाकरण तपसिल बमोजिम हुनुपर्नेमा अन्यथा भई प्राविधिक त्रुटि हुन गएकोले तपसिल बमोजिम सच्याई सभामा पेश गर्ने गरी हाल कार्यन्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | त्रुटिवश हुन गएको नामाकरण | हुनुपर्ने नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | कैलाश २ बर्थिङ्ग सेन्टर निर्माणको लागि सामाग्री खरिद | बैकुण्ठ बर्थिङ्ग सेन्टर पुर्वाधार निर्माण | ३०००००।- |